यशोधरा गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

बैदौली, कपिलवस्तु

(लुम्बिनी प्रदेश, नेपाल)

पत्र संख्या :-२०७९।०८०

चलानी नम्बर :- २३४

मिति : २०७९।०५।८

श्री सामुदायिक / संस्थागत विद्यालय सबै

यशोधरा गाउँपालिका बैदौली कपिलवस्तु ।

**विषय : बालमैत्री विद्यालय घोषणा सम्बन्धमा ।**

प्रस्तुत विषयमा यस यशोधरा गाउँपालिकालाई बालमैत्री स्थानीय शासनयुक्त गाउँपालिका घोषणा अभियानका लागि सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको चं.न ५८६ मिति २०७८।०३।२७ को पत्र र च.न ५५१ मिति २०७९।०३।०८ गतेको प्राप्त पत्रअनुसार बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका तथा बालमैत्री स्थानीय शासन घोषणा कार्यविधिलाई सार्थक बनाउन तपशिलका सुचकहरु पुरा गरी आ-आफ्ना विद्यालयलाई अनिवार्य रुपमा बालमैत्री विद्यालय घोषणामा सहयोग गर्नुहुन व्यहोरा अनुरोध छ ।

**तपशिल**

| क्र.स | बालमैत्री विद्यालयका लागि पुरा गरिने पर्ने सुचकहरु | न्यूनतम मापदण्ड |
|---|---|---|
| १ | ३ देखि ४ वर्ष उमेर पुगेका सबै बालबालिका प्रारम्भिक बालविकास कक्षामा भर्ना टिकाउदर सतप्रतिशत रहेको हुने छ ।(फरक क्षमता भएको बालबालिकाको हकमा विशेष व्यवस्था गर्नु पर्नेछ ) | १०० प्रतिशत |
| २ | ५ देखि १४ वर्ष उमेर समूहका सतप्रतिशत बालबालिकाले आधारभुत शिक्षा (१ देखि ८ सम्म) पुरा गरेका पर्नेछ । | १०० प्रतिशत |
| ३ | प्रत्येक विद्यालयमा खानेपानी सुविधा सहित छात्र छात्राको लागि अलग अलग शौचालयको व्यवस्था भै यसको प्रयोग भएको पर्नेछ । | १०० प्रतिशत |
| ४ | सबै विद्यालका पूर्वाधार(कक्षा कोठा,फर्निचर,खेलमैदान,खानेपानी धारा) बालमैत्री अपागंमैत्री र सुरक्षित भएका हुने पर्नेछ । | १०० प्रतिशत |
| ५ | प्रत्येक विद्यालयमा अतिरिक्त कृयाकलाप सम्बन्धी कार्यक्रम साप्ताहिक रुपमा सञ्चालन हुनु पर्नेछ । | १०० प्रतिशत |
| ६ | सबै विद्यालयहरुले कुहिने र नकुहिने फोहेर अलग अलग विर्सजन गर्ने व्यवस्था गरेके हुने पर्नेछ । | १०० प्रतिशत |
| ७ | ५ कक्षा भन्दा माथि अध्ययन अध्यापन हुने विद्यालयका व्यवस्थापन समितिमा बालसमूहको प्रतिनिधित्व रहनेछ । | १०० प्रतिशत |
| ८ | शिक्षण सिकाई बालमैत्री वातावरणमा भएको हुनुपर्ने (दण्ड सजाय वा भयरहित) छ । | १०० प्रतिशत |
| ९ | विद्यालयमा बालमैत्री, वाताबरणमैत्री र विपद् व्यवस्थापन सम्बन्धी अतिरिक्त कक्षा सञ्चालन भएको हुनु पर्नेछ । | १०० प्रतिशत |

तेजबहादुर सिंह

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

यशोधरा गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

बैदौली, कपिलवस्तु,
(लुम्बिनी प्रदेश, नेपाल)

पत्र संख्या :-२०७९/०८०

चलानी नम्वर :-

मिति : २०७९।०५।८

| | | |
|---|---|---|
| | विद्यालय व्यवस्थापन समितिमा बाल समूहबाट १ जना छात्रा र १ जना छात्रलाई आमन्त्रित सदस्यको रुपमा सहभागीता गराउनु पर्नेछ । | १०० प्रतिशत |
| | शिक्षक र विद्यार्थी बीचको अन्तर सम्बन्ध रामो भई विद्यालय शान्ति क्षेत्रको सुनिश्चितता हुनु पर्नेछ । | १०० प्रतिशत |
| | विद्यालयको हाताको सरसफाई भएको हुनु पर्ने र विद्यार्थीहरुको व्यक्तिगत सरसफाई भएको हुनु पर्नेछ । | १०० प्रतिशत |
| २ | | |
| ३ | विद्यालयमा बालसमूह गठन,वार्षिक कार्ययोजना तयार गरी प्रत्येक महिना बैठक सञ्चालन भएको हुनु पर्नेछ साथै बालसमूहको वार्षिक रुपमा कम्तिमा ३ वटा कृयाकलाप सञ्चालन गरेको हुनु पर्नेछ । | १०० प्रतिशत |

तेजबहादुर सिंह
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत

<u>बोधार्थ :</u>

१.श्री सुचना तथा प्रविधि शाखा:- Website मा Upload गरिदिनु हुन ।